# स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था

**प्रेमलाल मिश्र**

सह-प्राध्यापक, शिक्षाको आधार, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

Email: mishrapl493@gmail.com; prem.mishra@mrmc.tu.edu.np

**सार**

प्रस्तुत लेख स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था, पाठ्यक्रमको आवश्यकता, प्रभावकारिता, कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू प्रस्तुत गर्ने उद्देश्यले अध्ययन गरिएको छ । इलाम जिल्ला फाकफोकथुम गाउँपालिकाअन्तर्गत चारवटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, स्थानीय पाठ्यक्रम विषय अध्यापन गर्ने शिक्षकहरू, शिक्षाशाखा प्रमुख र १० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रधानाध्यापक ,शिक्षक र शिक्षाशाखा प्रमुख तथा साविकका स्रोत व्यक्तिलाई अन्तर्वार्ता, प्रश्नावली, विद्यार्थीहरूसँग छलफल तथा कक्षाकोठा अवलोकन गरी आएका कुराहरूलाई तथ्याङ्कको रूपमा समावेश गरिएको छ । प्राप्त तथ्याङ्कको वर्णनात्मक ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा प्राप्त सूचनालाई विश्लेषण गर्दा छनौटमा परेका विद्यालयहरूमा स्थानीय विषयका रूपमा मातृभाषा र अंग्रेजी तथा कम्प्युटर विषय समेटेर स्थानीय पाठ्यक्रमको रूपमा पढाइ भइरहेको र सो विषय शिक्षण गर्न छुट्टै विषय शिक्षकको कमी रहेको पाइयो । स्थानीय विषय छनोट गर्दा शिक्षाशाखा प्रमुखको सल्लाह बमोजिम प्रधानाध्यापक ,शिक्षकहरू, अभिभावकहरू, र स्थानीय नेतृत्व संलग्न रहेको पाइयो । स्थानीय विषय शिक्षण गर्ने क्रममा शैक्षिक सामग्रीको प्रयोगको अवस्था र उपलब्धता सन्तोषजनक नरहेको, स्थानीय विषय शिक्षणको अनुगमन तथा मूल्याङ्कन प्रधानाध्यापकले एक वा दुई महिनामा एक पटक गर्ने गरेको पाइयो । छनौटमा परेको विद्यालयहरूले हालको मूल्याङ्कन प्रणालीहरूलाई भन्दा परम्परागत मूल्याङ्कन प्रणालीलाई प्रयोगमा ल्याएको, स्थानीय विषय शिक्षणको लागि स्थानीय विषय पढाउन शिक्षकलाई आवश्यक तालिम तथा सेवा सुविधाको व्यवस्था नभएको साथै शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुन नसकेकोले यसको कार्यान्वयनमा सवै सरोकारवाला निकायहरूको ध्यान जान आवश्यक छ ।

*मुख्य शव्दावली :* स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक ,पाठ्यक्रम निर्माण , पाठ्यक्रम कार्यान्वयन

## परिचय

कुनै पनि देशको विकास शिक्षाको जगमा साथै शिक्षाको विकास पाठ्यक्रममा निर्भर रहेको हुन्छ । यस अर्थमा देशको विकासका लागि पाठ्यक्रम महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ । हाम्रो जस्तो

भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधता भएको मुलुकमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रका जनताहरूको आवश्यकताको प्रतिनिधित्व गर्न सक्दैन । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न सकिन्छ । पाठ्यक्रम सुधार पद्धतिले पनि स्थानीय सरोकारवालाहरूको सहभागिता स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका पक्षमा जोड दिन्छ (फुएल,२०७५)।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप" शैक्षिक क्षेत्रमा देखापर्ने शैक्षिक मुद्दा र चुनौतिलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको छ (पाठ्यक्रम विकास केन्द्र,२०७६) । शैक्षिक विकेन्द्रीकरणको अवधारणाअन्तर्गत पाठ्यक्रम सुधार पद्धतिअनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई सुधार गर्न सकिने कुरामा जोड दिएको पाइन्छ (बराल,२०६७) ।

स्थानीय पाठ्यक्रम निर्माणकै क्रममा स्थानीय तहले आफ्नो विशेषता समेतको अध्ययन र अनुसन्धान गर्दा धैरै छाँयामा परेका र छोपिएका विषयवस्तु सतहमा आई त्यस्ता विषयवस्तुहरूको संरक्षण र सम्बर्द्धन हुनसके स्थानीय आवश्यकता पूरा हुने जनाएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६८) ।

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय संस्कृति , जनजीवन भूगोल लगायतका पक्षलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको आवधारणा आएको हो । जुन दिगो विकासको एक आयाम पनि हो । नेपाल जस्तो विविध, भौगोलिक, सांस्कृतिक ,भाषिक लगायतका परिवेशका कारण समाजको आवश्यकता र चाहना फरक फरक छ । त्यसैले नेपालको सन्दर्भमा पाठ्यक्रम तयार पार्दा ठाउँ अनुसारका विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्नु पर्दछ (भट्ट,२०६७) ।

स्थानीय आवश्यकताका विषयवस्तु त्यहीका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान,सीप, प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनुपर्नेछ । जसले स्थानीय ज्ञान प्रष्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सीपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ (बिष्ट,२०७२) । स्थानीयस्तरमा रहेको मूल्य, मान्यता, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ । स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्त्वपूर्ण खुड्किलाको रूपमा पनि लिन सकिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्रीमा उल्लेख भएअनुसार "स्थानीय सरोकारवालाहरूको आवश्यकता चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वियन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" ( पा.वि.के, २०७०) ।

स्थानीय पाठ्यक्रम २०४९ को प्रावधानलाई कार्यरूप दिन परिमार्जित प्राथमिक शिक्षा कार्यक्रम वि.स. २०६२ ले स्थानीय पाठ्यक्रमलाई व्यवस्थित ढङ्गले कार्यान्वियन गर्ने प्रयास गरेको देखिन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्दा स्थानीय पाठ्यक्रम विकास समिति, शिक्षक, अभिभावक, स्थानीय जातजाति, भाषाभाषी तथा सम्प्रदायका प्रतिनिधिहरू, विशेष क्षमता भएका अपाङ्ग तथा साङ्ग नागरिक, ऐतिहासिक विषयवस्तुहरूसँग जानकार व्यक्तिहरू तथा शिक्षाविद्हरू संलग्न भएको समिति गठन गरी त्यस समितिले आफ्नो आवश्यकता निर्धारण गरे बमोजिम हुनेछ (शिक्षा मन्त्रालय,२०६२) ।

स्थानीय पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु,विभिन्न पक्ष,समावेशीकरण, सहभागीता, निर्णय प्रक्रियामा जनअपेक्षा आदिले स्थान पाउँछन् । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित , लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूप बनाउँछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको विकास गराउँछ (पा.वि.के., २०६७) ।

स्थानीय रूपमा तय गरिएको पाठ्यक्रमले विद्यार्थीको शैक्षिक उपलव्धि र विषयवस्तु प्रतिको धारणा वृद्धिमा सुधार ल्याएको देखिन्छ । यसले शिक्षमा सामुदायिक संलग्नतालाई वृद्धि गर्दै विद्यालय र समुदाय वीचको संचार एवम् सहकार्यमा सुधार ल्याउँछ । त्यसैले वालबालिकाहरुलाई शिक्षामा संलग्न गराउन र शैक्षिक उपलव्धिको वृद्धि गर्न सकारात्मक प्रभाव पारेको देखाएको छ (Adhikari, 2017)।

वर्तमान अवस्थामा स्थानीय पाठ्यक्रमको आवश्यकता ठानी त्यसका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरिए तापनि त्यसको प्रभावकारी रूपमा कार्यान्वयन गरिएको देखिँदैन । त्यसकारण स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालयहरूमा उक्त पाठ्यक्रमको विकास र कार्यान्वयनको कस्तो अवस्था रहेको छ भन्ने सम्बन्धमा जानकारी प्राप्त गर्न यस अध्ययनलाई अगाडि बढाइएको छ ।

नेपाल जातजाति, भाषाभाषी र धार्मिक विविधतायुक्त मुलुक भएकाले यहाँ रहेका जनताहरूको आवश्यकता, चाहना पनि फरक फरक रहेको पाइन्छ। केन्द्रबाट निर्माण तथा कार्यान्वयन गरिएको पाठ्यक्रमले उक्त मानिसहरूको आवश्यकता, चाहना पूरा गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ ।

**अध्ययनका उद्देश्यहरू**

यस अध्ययनमा स्थानीय पाठ्यक्रमको सन्दर्भमा निम्नानुसारका विशिष्ट उद्देश्यहरू रहेको छन् ।

१. स्थानीय पाठ्यक्रम कार्यान्यनको वर्तमान अवस्था पहिचान गर्नु ।

२. स्थानीय पाठ्यक्रमको प्रभावकारीता विश्लेषण गर्नु ।

## अध्ययन विधि

यस अनुसन्धानात्मक लेखमा गुणात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको छ । यस ढाँचामा रहेर नमुना छनौट, अध्ययन सामग्री सङ्कलन र तथ्याङ्क विश्लेषण जस्ता प्रक्रियाहरू अपनाइएको छ। यस अध्ययनमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको अवस्था अध्ययन गर्ने क्रममा वर्णनात्मक विधिद्वारा प्राप्त सूचनालाई व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ ।

अध्ययनका लागि स्थानीय पाठ्यक्रमको रूपमा स्थानीय विषय पठनपाठन भइरहेका इलाम जिल्ला अन्तर्गत फाकफोकथुम गाउँपालिकामा रहेका ४२ वटा सामुदायिक विद्यालय मध्ये तिनवटा आधारभूत र एउटा माध्यमिक गरी चारवटा सामुदायिक विद्यालयहरूलाई विधायुक्त नमुना छनोट विधिको माध्यमद्वारा नमुना जनसंख्या छनौट गरी यो अध्ययन सम्पन्न गरिएको छ ।

यसरी नै शिक्षाशाखा प्रमुख तथा स्रोत सहायकलाई उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरी मुख्य सूचनाकर्ताको रूपमा र छनोटमा परेका विद्यालयका चारजना प्रधानाध्यापकहरू, स्थानीय विषय अध्यापन गराउने ६ जना शिक्षकहरू र कक्षा ६,७ र ८ का विद्यार्थीहरू मध्ये प्रत्येक विद्यालयबाट ५/५ जना विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनौट विधिको माध्यमबाट सूचनादाताको रूपमा छनौट गरिएको छ ।

यस अध्ययनमा असंरचित अन्तर्वार्ता , समूह छलफल, दस्तावेज अध्ययन जस्ता साधनहरू उपयोग गरी आवश्यक सूचना तथा जानकारीहरू सङ्कलन गरिएको छ । अध्ययनमा प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ भने आवश्यकताअनुसार द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई समावेश गरिएको छ ।

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

इलाम जिल्लाअन्तर्गत फाकफोकथुम गाउँपालिकामा जम्मा कक्षा १ देखि १२ कक्षासम्म सञ्चालन भएका ४२ बटा सामुदायिक विद्यालयहरू रहेका छन् । जसमध्ये एउटा धार्मिक विद्यालयअन्तर्गत "गुम्बा शिक्षा" अध्ययन हुन्छ भने बाँकी ४१ वटा विद्यालयहरू रहेका छन् । यस गाउँपालिकाभित्र आधारभूत तहअन्तर्गतका विद्यालयहरूमा स्थानीय विषयको रूपमा अधिकाश विद्यालयहरूमा अग्रेजी र कम्प्युटर विषय

राखेर शिक्षण गरेको पाइएको छ भने केही विद्यालयहरूमा मातृभाषालाई आधारमानी शिक्षण गर्ने गरिएको पाइयो । माध्यमिक तह कक्षा ९ देखि १२ सम्म स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको देखिँदैन ।

स्थानीय विषयको ठाउँमा मातृभाषालाई  नै स्थानीय पाठ्यक्रम मानी शिक्षण गर्दै आएका ४ वटा विद्यालयहरूलाई नमुनाको रूपमा लिएर तथ्याङ्कको व्याख्या र विश्लेषण  गरिएको छ । यी विद्यालयहरूमा स्थानीय विषयको रूपमा मातृभाषाको अध्यापन कक्षा १ देखि ५ सम्म मात्र र बाँकी कक्षा ८ सम्म अग्रेजी तथा कम्प्युटर विषयलाई अध्यापन गर्ने गरिएको छ ।

**स्थानीय पाठ्यक्रम कार्यान्वयनको वर्तमान अवस्था**

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा स्थानीय विषयको रूपमा यस गाउँपालिकामा स्थानीय भाषा जस्तो लिम्बू,राईवान्तवा, अंग्रेजी र कम्प्युटर विषयलाई समेटी स्थानीय विषयको रूपमा छनोट गरी पठनपाठन गराउँदै आइरहेको पाइयो । यस गाउँपालिकामा स्थानीय विषयको रूपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको वर्तमान अवस्थालाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका १**

*मातृभाषालाई स्थानीय पाठ्यक्रम मानी  कार्यान्वयन गर्ने विद्यालयको वर्तमान अवस्था, २०७९*

| जम्मा विद्यालय संख्या | स्थानीय पाठ्यक्रमको रूपमा कार्यान्वयन गर्ने विद्यालयको | | मातृभाषालाई स्थानीय पाठ्यक्रम मानी कार्यान्वयन गर्ने विद्यालय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मातृभाषा लिम्बू | | | | मातृभाषा राई वान्तवा | | | |
| | संख्या | प्रतिशत | विद्यालय संख्या | तह | प्रतिशत | मातृभाषा सञ्चालित कक्षा | विद्यालय संख्या | तह | प्रतिशत | मातृभाषा सञ्चालित कक्षा |
| | | | १ | आधारभूत | २५ | १-३ | १ | आधारभूत | २५ | १-५ |
| | | | १ | आधारभूत | २५ | १-५ | | | | |
| | | | १ | माध्यमिक | २५ | १-५ | | | | |
| ४२ | ४ | ९.५ | ३ | | ७५ | | १ | | २५ | - |

*स्रोत:* फाकफोकथुम गाउँपालिका, शिक्षा शाखा, अभिलेख, २०७९

माथिको तथ्याङ्कले यस गाउँपालिका भित्रका ४२ बटा सामुदायिक विद्यालय मध्ये तिनवटा आधारभूत र एउटा माध्यमिक गरी ४ वटा विद्यालय अर्थात ९.५ प्रतिशतमा मात्र स्थानीय पाठ्यक्रको रूपमा स्थानीय

विषय पढाइ भइरहेको देखाएको छ । यसमा पनि मातृभाषालाई मात्र स्थानीय पाठ्यक्रमको रूपमा सबै विद्यालयले कक्षा एकदेखि पाँचसम्म कार्यान्वयन गरेको पाइन्छ । जसमध्ये लिम्वू मातृभाषाका तीनवटा विद्यालय र राई वान्तवा भाषा एउटा विद्यालयमा मात्र पठनपाठन भइरहेको छ । यसले के देखाउछ भने जम्मा विद्यालय संख्याको ७.१४ प्रतिशत लिम्वू र २.३८ प्रतिशत राई वान्तवा मातृभाषा स्थानीय पाठ्यक्रमको रूपमा कार्यान्वयन भएको देखिन्छ ।

यसरी नै अंग्रजी कम्प्युटर विषयलाई समेत स्थानीय पाठ्यक्रम मानी कार्यान्वयन गर्ने विद्यालयको अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका २**

*मातृभाषा सहित कम्प्युटर र अंग्रेजी विषय स्थानीय पाठ्यक्रमका रूपमा कार्यान्वयन गर्ने विद्यालयको अवस्था, २०७९*

| जम्मा विद्यालय संख्या | स्थानीय पाठ्यक्रमको रुपमा कार्यान्वय गर्ने विद्यालयको | | चारवटै विद्यालय मध्ये मातृभाषा सहित कम्प्युटर र अंग्रेजी विषय अध्यापन गराउने विद्यालय | | | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | तह | प्रतिशत | सञ्चालित कक्षा |
| | संख्या | प्रतिशत | १<br>१<br>१ | आधारभूत<br>आधारभूत<br>माध्यमिक | २५<br>२५<br>२५ | ४ र ५<br>६ र ७<br>६, ७ र ८ |
| ४२ | ४ | ९.५ | ३ | - | ७५ | - |

*स्रोत:* फाकफोकथुम गाउँपालिका, शिक्षा शाखा, अभिलेख,२०७९

माथिको तालिकाबाट चरावटै विद्यालयलाई हेर्दा ३ वटा अर्थात ७५ प्रतिशत विद्यालयमा अंग्रेजी र कम्प्युटर विषयलाई स्थानीय पाठ्यक्रम मानी पढाइ भएको पाइयो भने मातृभाषाको अतिरिक्त साविक रूपमा पढाइ हुने अंग्रेजी र कम्प्युटर विषयलाई नै स्थानीय पाठ्यक्रम मानी आधारभूत तहअन्तर्गत दुईवटा विद्यालय र एक माध्यमिक विद्यालयका कक्षा ४ देखि ८ सम्म संचालन गर्नुले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता एवम् माग अनुसारका अरु विषयहरूलाई समेटन नसकी खाली मातृभाषा र अंग्रेजी तथा कम्प्युटर विषयको पठनपाठनलाई मात्र जोड दिएको हुँदा यसको कार्यान्वयन कम प्रभावकारी भएको देखिन्छ ।

स्थानीय पाठ्यक्रम कार्यान्वयन भनेको निर्माण भइसकेको पाठ्यक्रमलाई विद्यालयका कक्षाकोठामा प्रयोगमा ल्याइने अवस्था हो । यसका लागि शिक्षक व्यवस्थापनको अवस्था, शिक्षणमा योजना निर्माण र

प्रयोगको अवस्था, शिक्षण विधिको प्रयोगको अवस्था, शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग, अनुगमन तथा मूल्याङ्कन प्रक्रियाका विविध पक्षमा अध्ययन गर्ने क्रममा निम्न धारणाहरू रहेका छन् ।

**स्थानीय विषयको शिक्षक व्यवस्थापनको अवस्था**

स्थानीय विषयलाई प्रभावकारी रूपमा शिक्षण गर्नका लागि शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । स्थानीय विषय शिक्षणको लागि शिक्षकको व्यवस्थापनको सम्बन्धमा कक्षा ७ सम्म सञ्चालित आधारभूत विद्यालयमा कक्षा १ देखि ५ सम्म लिम्बू भाषा र कक्षा ६ र ७ मा कम्प्युटर स्थानीय विषयका रूपमा पढाइ हुने गरेको पाइयो । लिम्बू भाषा पढाउन छुट्टै विषय शिक्षकको व्यवस्था नभएको, सो विषय पढाउन सकालाई सका सरहको तलबमा पालिकाले विद्यालयलाई दिने १ लाख अनुदान मार्फत् मासिक २ हजार थप गरेर दिने गरिएको , कम्प्युटर विषयको शिक्षण गर्न छुट्टै विषय शिक्षक नभएको तर उक्त विषयवस्तुसम्बन्धी सामान्य ज्ञान र सीप भएका विद्यालयका सम्पूर्ण शिक्षकहरू मध्येबाट छनौट गरिएको जानकारी प्रधानाध्यापकबाट पाइयो ।

यसरी नै कक्षा १० सम्म सञ्चालन भएको माध्यमिक विद्यालयमा कक्षा एकदेखि पाँचसम्म लिम्बू भाषा पढाउन त्यही कार्यरत प्रा.वि अस्थायी शिक्षकलाई जिम्मा दिए पनि बीचमा सो विषय पठ्नपाठ्न नभएको र हाल आएर बालविकास केन्द्रमा कार्यरत दुईजना र लिम्बूभाषासम्वन्धी अध्ययन गरिरहेका एक जना गरी तीन जना शिक्षकलाई पढाउन जिम्मा दिइएको कुरा प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो । सो विषय पढाउन छुट्टै दरबन्दी एवम् विषय शिक्षकको व्यवस्था भने नभएको पाइयो ।

कक्षा ५ सम्म पढाई हुने आधारभूत विद्यालयमा कक्षा एकदेखि तीन सम्म स्थानीय विषयको रूपमा लिम्बू भाषा र कक्षा ४ र ५ मा अंग्रेजी विषय पढाइ हुने गर्दछ । यहाँ पनि छुट्टै शिक्षक दरबन्दी र शिक्षकको व्यवस्था नभएपछि स्थानीयको सहयोगमा दुईजना स्थानीयद्वारा सहयोग स्वरूप थोरै पैसामा लिम्बू भाषाको पठनपाठन हुने गरेको तथा कक्षा ४ र ५ मा विद्यालयका नियमित शिक्षकद्वारा नै शिक्षण गरेको पाइयो ।

कक्षा पाँचसम्म सञ्चालित अर्को आधारभूत विद्यालयमा कक्षा पाँचसम्म स्थानीय विषयको रूपमा राईवान्तवा भाषा पठनपाठन हुँदै आएको छ । उक्त विषय शिक्षणमा त्यही विद्यालयका प्रधानाध्यापक र अर्का प्राथमिक शिक्षकद्वारा किराँत राई यायोख्खा नामक संस्थाले दिएको ७ दिने र १५ दिने गरी २ पटकको राईवान्तवा भाषासम्वन्धी तालिम लिई शिक्षण गर्ने गरिएको र छुट्टै विषय शिक्षकको भने व्यवस्था नभएको जानकारी प्राप्त भयो ।

यसै सन्दर्भमा शिक्षा शाखा प्रमुखले स्थानीय सरकार र समुदाय मिली स्थानीय आवश्यकताका आधारमा पाठ्क्रम निर्माण गरी भाषा सम्बन्धी दक्ष र तालीमप्राप्त व्यक्तिलाई शिक्षकको रूपमा राख्नुपर्ने धारणा राख्नु भयो ।

यस आधारमा के भन्न सकिन्छ भने स्थानीय विषय शिक्षण गर्ने शिक्षकको छुट्टै व्यवस्था गरिनु पर्ने र उक्त शिक्षकहरूलाई तालीम दिनुपर्ने आवश्यकता देखिन्छ । स्थानीय विषय शिक्षण गर्ने शिक्षकको छुट्टै व्यवस्था नहुँदा अध्ययन क्षेत्रका विद्यालयहरूमा शिक्षकको अभाव रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**स्थानीय विषय शिक्षणमा योजना निर्माण र प्रयोगको अवस्था**

निश्चित पाठ्यक्रमअनुसार विषयवस्तु शिक्षण गर्न र आवश्यकताअनुसार क्रियाकलाप गराउन शैक्षणिक योजनाको आवश्यकता पर्छ । यसले शिक्षण कार्यलाई प्रभावकारी उद्देश्यमुखी र व्यवहारिक बनाउन मद्दत गर्ने हुँदा यसको कार्यान्वयन गर्नुपर्दछ (शर्मा,२०७९) । शैक्षणिक योजनाअन्तर्गत वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना र पाठ योजना पर्दछन् । यस अध्ययनमा स्थानीय विषय शिक्षण गर्ने शिक्षकसँग स्थानीय विषय शिक्षणमा योजना निर्माण र प्रयोगको अवस्था सम्बन्धमा लिइएको अन्तर्वार्ता र कक्षा अवलोकन गर्दा चारवटै विद्यालयहरूमा दरबन्दीको अभावले एउटै शिक्षकबाट धेरै विषय पठनपाठन गर्दै वहुकक्षा शिक्षण व्यवस्था सञ्चालन गर्नुपर्ने ,समय र कक्षाकोठाको व्यवस्थापन गर्न भौतिक तथा शैक्षिक सुविधाको अभाव, मातृभाषाको शिक्षणसम्वन्धी तालीम एवम् पाठ्यसामग्रीको अभावले योजनाका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न समेत कठिनाई हुने आवस्थाले कक्षा ६,७ र ८ मा शिक्षण गर्ने थोरैमात्र शिक्षकहरूले पाठयोजना निर्माण गरी कक्षा शिक्षण गर्ने गरेको र सबै विद्यालयहरूमा कार्यतालिका भने निर्माण गरेको पाइयो । लिम्बू तथा राईवान्तवा भाषालाई माथिल्लो कक्षासम्म पठनपाठन गर्दै लाने, अंग्रेजी तथा कम्प्युटर विषयलाई थप प्रभावकारी ढङ्गबाट शिक्षण गर्न शिक्षक तालीमसम्बन्धी योजना निर्माण गर्न आवश्यक रहेको जानकारी शिक्षाशाखा प्रमुख, स्रोत सहायक तथा प्रधानाध्यापकबाट प्राप्त भयो ।

**स्थानीय विषय शिक्षणमा शिक्षण विधिको प्रयोगको अवस्था**

अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरूसँगको अन्तर्वार्ताबाट यो जानकारी भयो कि शिक्षकहरूले विषयवस्तुको प्रकृति हेरी छलफल, प्रश्नोत्तर, व्याख्यान र प्रर्दशन जस्ता विधिहरूको प्रयोग गरेको पाइयो । स्थानीय विषय शिक्षण गर्नका लागि प्रयोग गर्ने गरेका शिक्षण विधिहरूको वास्तविकता पत्ता लगाउन छनौटमा परेका चारवटै विद्यालयमा गएर हेर्दा व्याख्यान, प्रश्नोत्तर, छलफल र प्रयोगात्मक विधिको प्रयोग गरी शिक्षण गर्ने गरिएको, सबै विद्यालयहरूमा धेरै जस्तो व्याख्यान बिधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको देखिन्छ । वर्तमान समयमा परम्परागत शिक्षण विधिहरूको मात्र प्रयोगले नवीनतम ज्ञान

तथा सीपहरू आर्जन गर्न सकिंदैन । व्यवहारवादी दृष्टिकोण अनुसार उत्तेजना र प्रतिक्रिया बीच सम्वन्ध स्थापित भएर सिकाइले पूर्णता पाउँछ भने झै नवीनतम् शिक्षण विधिको प्रयोग वर्तमान सन्दर्भमा शिक्षण सिकाइका लागि उपयुक्त मानिन्छ । तर स्थानीय विषय शिक्षणमा समेत परम्परागत शिक्षण विधिलाई नै प्रयोगमा ल्याएको देखिन्छ ।

आधुनिक शिक्षण विधिहरूको प्रयोगको सन्दर्भमा शिक्षकहरू भन्नु हुन्छ, समय बढी लाग्ने, खर्चिलो हुने, विद्यार्थीहरूलाई नियन्त्रण गर्न गाह्रो हुने साथै विभिन्न श्रोत सामग्रीको अभाब भएकाले अन्य विधिहरू प्रयोगमा ल्याउन कठिनाइ रहेको छ। यसरी हेर्दा नवीनतम् शिक्षण विधिहरूलाई प्रयोगमा ल्याउन नसकिएकोले स्थानीय विषयको शिक्षण प्रभावकारी हुन सकेको छैन।

**स्थानीय विषय शिक्षणमा शैक्षणिक सामग्रीको उपलब्धता र प्रयोग**

यस अध्ययनले छनौटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको उपलव्धता न्यून रहेको देखाउँछ भने विषय सम्वन्धित शिक्षण सामग्रीहरू प्रयोग गरिएको तर कतिपय सामग्रीहरू बजेटको अभावमा उपलव्ध नै हुन नसकको पाइयो । लिम्बू भाषा पढाइ हुने विद्यालयमा छुट्टै पाठ्यक्रम तथा पाठ्यपुस्तक नभई किराँत याक्थुम चुम्लुङ्गद्वारा तयारी गरिएको पुस्तक र लिम्बू लिपि एवम् राईवान्तवा भाषा पढाइ हुने विद्यालयमा राई भाषासम्बन्धी शब्दकोश र वान्तवा भाषाको लिपिलाई मुख्य शिक्षण सामग्रीको रूपमा प्रयोग गरेको पाइयो । कतिपय स्थानीय सामग्रीहरू शिक्षक स्वयं र विद्यार्थीहरूद्वारा सङ्कलन गरी शिक्षण सिकाइमा उपयोग गर्ने गरिएको भए पनि प्रभावकारी नभएको र कक्षाकोठाको प्रयोगको अवस्था पनि सन्तोषजनक नभएको पाइयो । पूर्ण रूपमा शिक्षण सामग्री उपलव्ध नभएकोले विषयसँग सम्वन्धित एवम् विद्यार्थीले देखेका , अनुभव गरेका र स्थानीय आवश्यकता पूरा गर्ने खालका शैक्षिक सामग्रीहरूको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

**स्थानीय विषय शिक्षणको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

विद्यालयको स्थानीय विषय शिक्षणको अनुगमन तथा मूल्याङ्कन सन्दर्भमा दुईवटा आधारभूत विद्यालयहरूले प्रत्येक महिनामा एक पटक, एउटा आधारभूत विद्यालय र अर्को माध्यमिक विद्यालयले प्रत्येक २ महिनामा १ पटक स्थानीय विषय शिक्षणको अनुगमन तथा मूल्याङ्कन गरिने कुरा प्रधानाध्यापकहरूले बताउनु भयो । शिक्षाशाखाबाट तीन तीन महिनामा शैक्षिक, आर्थिक, भौतिक सबै पक्षको अनुगमन तथा मूल्याङ्कन गर्ने भनिए तापनि पूर्ण रूपमा कार्यान्वयन भएको देखिएन । मूल्याङ्कन विद्यालयहरूले बीचबीचमा गर्ने गरिएको भए तापनि शिक्षण क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, विद्यार्थी उपलब्धि, कक्षाकोठाको व्यस्थापनको साथै विद्यालयको भौतिक पक्षमा खासै परिवर्तन आएको देखिंदैन । यसबाट यो प्रष्ट हुन्छ कि अध्ययन स्थलका विद्यालयहरूमा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया समय समयमा गरिए पनि स्थानीय

सरकार एवम् शिक्षा शाखाबाट स्थानीय विषय शिक्षणको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य कम भएको , विद्यालयमा मातृभाषासम्वन्धी शिक्षण गर्ने दक्ष एवम् तालीम प्राप्त जनशक्ति नभएकाले अन्य निकायबाट जनशक्ति भिकाई अनुगमन तथा मूल्याङ्कन कार्य गराउन आर्थिक कठिनाइ हुनेहुँदा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन नसकेको पाईयो ।

**विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले अवलोकन गरेर सिक्ने भएकाले उसको सहभागिता र सिक्ने उत्सुकताको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । आधारभूत तहको पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिएकाले स्थानीय पाठ्यक्रममा समेत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ । यसका लागि शिक्षकले विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराई उनीहरूले गरेका क्रियाकलापको अवलोकन गरी विद्यार्थी मूल्याङ्कन गर्नुपर्दछ । यसै सन्दर्भमा दुईवटा आधारभूत विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको साथै अवलोकन, त्रैमासिक, अर्धवार्षिक एवम् वार्षिक परीक्षाका आधारमा साथै एउटा माध्यमिक विद्यालय र एउटा आधारभूत विद्यालयमा अवलोकन र तीनवटा परीक्षाको आधारमा विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । यी विद्यालयहरूमा स्थानीय पाठ्यक्रमअन्तर्गत स्थानीय विषयवस्तुको रूपमा लिम्बू र राईवान्तवा भाषाको पढाइप्रति अभिभावक क्रियाशील रहे पनि विद्यार्थीको भने कम चासो र संलग्नता देखिएको हुँदा कतिपय अवस्थामा विद्यार्थीलाई शिक्षक आफैंले ती विषयहरूमा नम्बर दिएर पास बनाउनुपर्ने स्थिति समेत रहेको कुरा प्रधानाध्यापकबाट जानकारी प्राप्त भयो । स्थानीय विषयवस्तु प्रायः गरेर स्थानीयस्तरकै हुनेहुँदा विद्यार्थी मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुबै पक्षलाई जोड दिन कोशिस गरीएको देखिन्छ ।

**स्थानीय पाठ्यक्रमको प्रभावकारिता**

शिक्षाक्षेत्रमा लागेको लगानीअनुसारको प्रतिफल प्राप्त होस भनी स्थानीय पाठ्यक्रम लागू भएका विद्यालयहरू मध्ये छनौटमा परेका विद्यालयहरूमा यसको प्रभावकारिता कस्तो छ भनी अध्ययन गर्ने क्रममा त्यहाँका सरोकारवालाहरूको धारणा निम्नअनुसार रहेको छ । कुनै पनि कार्यक्रमको प्रभाव क्षेत्रभित्र पर्ने जो कोहीलाई पनि सो कार्यक्रमको सरोकारावालाको रूपमा लिइन्छ । स्थानीय पाठ्यक्रम एउटा विद्यालयको कार्यक्रम हो जसले गर्दा विद्यालयसँग सम्बन्धित व्यक्तिहरूले गर्ने प्रतिक्रियाले विद्यालयको अगाडिको बाटो तय हुन्छ । यसअन्तर्गत सरोकारवालाको रूपमा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदायलाई सरोकारवालाको रूपमा लिइएको छ ।

**शिक्षकको चासो**

पाठ्यक्रमको निर्माण पश्चात कार्यान्वयन पक्ष राम्रो भएन भने उक्त पाठ्यक्रमले राखेको उद्देश्य पूरा हुन सक्दैन । पाठ्यक्रमका उद्देश्यलाई कार्यान्वयन गर्ने प्रमुख पक्ष शिक्षक भएकाले शिक्षकको कार्यक्रमप्रतिको धारणाले स्थानीय पाठ्यक्रमको प्रभावकारिता निर्धारण गर्दछ । छनौटमा परेका स्थानीय पाठयक्रमअन्तर्गत स्थानीय विषय अध्यापन गर्ने शिक्षकसँग राखिएको प्रश्नमा शिक्षकको धारणा मिश्रित पाइयो ।

दुईवटा आधारभूत विद्यालय र एउटा माध्यमिक विद्यालयमा लिम्बू भाषा शिक्षण गर्ने शिक्षकहरूका अनुसार आफूहरू यही स्थानीय भएको र आफ्नो मातृभाषा पनि लिम्बू नै भएकाले स्थानीय विषय शिक्षण गर्न कुनै समस्या नरहेको, पाठ्यसामग्री, तालीम र सेवासुविधा पर्याप्त भए यसको प्रभावकारिता अझ राम्रो हुने बताउनु भयो । तर राई वान्तवा भाषा शिक्षण गर्ने विद्यालयका शिक्षकहरूका अनुसार आफूहरू स्थानीय नै भए पनि सरकारी तवरबाट पाठ्यक्रम निर्माणमा चासो नदिनु, अनुगमन तथा मूल्याङ्कन राम्रो नहुनु, पाठ्यसामग्रीको अभाव हनु र सरकारी तवरबाट कुनै तालीम सञ्चालन नगरिएकोले शिक्षण कार्यमा समेत समस्या आउने हुँदा त्यसको परिणाम नतिजामा समेत पर्ने गरेको बताउनु भयो । दुवै लिम्बू तथा राई मातृभाषा शिक्षण गर्ने शिक्षकहरूको दृष्टिकोणलाई हेर्दा स्थानीय सरकार ,समुदाय र विद्यालयद्वारा मातृभाषासम्वन्धी शिक्षणका आधारभूत आवश्यकता परिपूर्ति गर्न व्यवस्थित योजनाको अभावले यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको ठहर गर्न सकिन्छ ।

**विद्यार्थीको चासो**

पाठ्यक्रमको उद्देश्य विद्यार्थीमा केन्द्रित हुने भएकाले यदि विद्यार्थीमा शैक्षिक उपलब्धि हासिल नहुने हो भने पाठ्यक्रम, उचित व्यवस्थापन, लगानी आदि सबै कुरा बालुवामा पानी खन्याए जस्तो हुन पुग्दछ । तसर्थ, कार्यक्रमको सफलता बिद्यार्थीसँग टिकेको हुन्छ । छनौटमा परेका विद्यालयका कक्षा ६,७ र ८ मा पढ्ने ५/५ जना विद्यार्थीहरूसँगको छलफलमा विद्यार्थीहरूले आफूहरू स्थानीय पाठ्यक्रमको बारेमा जानकार नभएको तर अतिरिक्त विषयको रूपमा स्थानीय विषय अध्ययन गरिरहेको बताए । स्थानीय विषय अतिरिक्त विषयका रूपमा अघिल्ला कक्षाहरूमा पढ्दा आफूहरूलाई अरु विषयमा भन्दा पढ्न अलि सजिलो भएको तर पाठ्यपुस्तक ,सिकाई सामग्री र शिक्षकको अभावले पठनपाठन अरु विषय सरह नियमित रूपमा हुन नसकेको अधिकांश विद्यार्थीहरूको भनाई रहेको पाइयो । शिक्षण प्रक्रियाको रूपमा प्रश्न गर्दा प्रयोगात्मक पक्षको आधारमा स्थानीय विषय सिकाइ गर्न अझ सजिलो भएको धारणा प्राप्त भए पनि पढाइप्रतिको उत्साह भने

सामान्य भएको पाइयो । यस्ता विद्यार्थीका अनुभवहरुलाई हेर्दा स्थानीय पाठ्यक्रमअन्तर्गतका सिकाई सामग्री, तालीम प्राप्त शिक्षक भए यसको कार्यान्वयन गर्न सजिलो हुने देखिन्छ ।

**अभिभावकको चासो**

विद्यालयको शिक्षा प्रणालीले सबै भन्दा बढी प्रभाब कसैलाई पर्दछ भने त्यो अभिभावकलाई पार्दछ । समयका साथसाथै अभिभावकको ठूलो लगानी र भविष्य आफ्ना बालवालिकाको शिक्षामा भर पर्दछ । जबसम्म अभिभावकलाई सन्तुष्टि पार्न सकिदैन तबसम्म सामुदायिक विद्यालयहरूको विकास सम्भव छैन । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,(२०७६) अनुसार शिक्षाको परिकल्पित राष्ट्रिय उद्देश्य बमोजिम सामाजिक तथा सांस्कृतिक, लैङ्गिक, धार्मिक, ,भौगोलिक, विविधता, स्वरोजगार सृजनामा प्रोत्साहन, स्थानीय क्षेत्रको सक्षमता वृद्धि तथा आवश्यकता परिपूर्ति गर्नु दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्न मद्दत पुर्‍याउने भरपर्दो विकल्पको रूपमा स्थानीय पाठ्यक्रमलाई मान्न सकिन्छ ।

यो अध्ययनको क्रममा छनौटमा परेका विद्यालयका अभिभावकहरूको धारणा पत्ता लगाउने प्रयास गरिएको छ । छिमेकीको छोराछोरी संस्थागत विद्यालयमा अध्ययन गर्ने र स्थानीय विषय सिक्दा आफ्ना नानीबावुहरूलाई समेत संस्थागत विद्यालयमा राख्नु पर्ने बाध्यता जस्तै बनिरहेको अवस्थामा विद्यालयले अतिरिक्त विषयको रूपमा स्थानीय विषय अध्ययन गराउँदा आफ्ना नानीबाबुले पनि निःशुल्क पढ्न पाएकोमा आफूहरू खुसी भए तापनि विद्यार्थीको अनुगमन, मूल्याङ्कन  जस्ता पक्षमा भने धेरै गुनासो रहेको बताउनु भयो । विषय शिक्षकको अभावले गृहकार्य कम दिने वा दिँदै नदिने, दिएको पनि नियमित परीक्षण नहुने पाठ्यपुस्तक वा सामग्रीको अभावले अरू विषय सरह स्थानीय विषयमा विद्यार्थीले राम्रोसँग अध्ययन गर्न नसकेको कारण अपेक्षित उपलब्धि हासिल नभएको अभिभावकको धारणा पाइयो । कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्न अभिभावकहरूले सम्बद्ध सरोकारावालाहरूलाई ध्यान दिन आग्रह गरेको र यस्ता स्थानीय स्तरमा बोलिने मातृभाषाले बालबालिकाको स्थानीय ज्ञान एवं सीपको संरक्षण र वृद्धि गर्न सहयोग गर्ने हुँदा स्थानीय पाठ्यक्रम अन्तर्गत मातृभाषाको पठनपाठन प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुनपर्ने देखिन्छ ।

**स्थानीय सरोकारवालाहरूको चासो**

नेपाल सङ्घीय शासन प्रणालीमा गइसकेपछि संविधानमा नै व्यवस्था गरी माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार स्थानीय तहलाई रहेको अवस्थामा विद्यालय कस्तो बनाउने, व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा त्यस क्षेत्रको समुदायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययनमा यस पालिकाभित्रका

सामुदायिक विद्यालयहरू पछिल्लो समय निकै राम्रो हुँदैं गएको भन्ने धारणा पाइयो । स्थानीय आवश्यकतालाई ध्यान दिई विज्ञहरूको सहयोगमा स्थानीय पाठ्यक्रमको विषय छनोट, कार्यान्वयन, व्यवस्थापन तथा मूल्याङ्कन कसरी गर्ने भन्ने सन्दर्भमा गाउँ तथा वडा पालिका र  विद्यालयहरूले छलफल तथा अन्तरक्रिया गर्दै गरेको जानकारी प्राप्त भयो । स्थानीय विषयलाई झन प्रभावकारी बनाउन विद्यालय संरचना , बजेट तथा शिक्षकको व्यवस्था, शैक्षिक सामग्री, मूल्याङ्कनका साधनहरूको व्यवस्था गर्दै जाने योजना रहेको पालिकाले शिक्षाशाखालाई आश्वासन दिएको जनाकारी प्राप्त भयो ।

**प्राप्ति र निष्कर्ष**

वर्तमान समयमा स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता समेटी स्थानीय ज्ञान र सीपलाई प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको हुन्छ । यसै सन्दर्भमा अध्ययनको छनोटमा परेका एक आधारभूत विद्यालय र एक माध्यमिक विद्यालयमा कक्षा एकदेखि पाँचसम्म लिम्बू भाषा र कक्षा ६,७ र ८ मा कम्प्युटर विषयको पठनपाठन भएको पाइयो । यसरी नै एक  आधारभूत विद्यालयमा कक्षा तीनसम्म लिम्बू भाषा र कक्षा चार र पाँचमा अंग्रेजी विषय पढाइ भएको देखिन्छ । बजेटको अभाव, शिक्षक व्यवस्थापनको  समस्या, विद्यार्थीको स्थानीय विषय प्रतिको चासो कम भएकाले एउटा माध्यमिक र अर्को आधारभूत विद्यालयमा एक बर्ष अघिदेखि रोकिएको लिम्बू भाषाको पढाइ समाज र अभिभावकको चाहना अनुसार पुनः सञ्चालनमा आएको देखिन्छ । एक  आधारभूत विद्यालयले भने राईवान्तवा भाषालाई स्थानीय विषयको रूपमा पढाइरहेको छ । यसले के देखाउँछ भने सरकारी तवरबाट स्थानीय पाठ्यक्रम नबनाई स्थानीय विषयको रूपमा लिम्वु र राई वान्तवा भाषा पठनपाठन हुँदै आएको, यस वाहेक   अरु विषयको पाठ्यक्रम पनि नबनेको र पठनपाठन पनि नभएको देखिन्छ । यसरी नै कम्प्युटर र अंग्रेजी विषयलाई पनि स्थानीय विषयकै रूपमा मानेर पढाएको पाइएको छ ।

स्थानीय विषयको रूपमा कुनै पनि पाठ्यपुस्तक यस कक्षाको लागि भनेर तयार नगरेको तर स्थानीय संघसंस्था जस्तै किराँत याक्थुम चुम्लुङ्गद्वारा तयार गरिएका पुस्तक नै पाठ्यपुस्तकको रूपमा पढाइहुने गरेको पाइयो । स्थानीय तह वा विद्यालयले स्थानीय विषयको छुट्टै पाठ्यपुस्तक निर्माण नगरेको, स्थानीय पाठ्यक्रम कार्यान्वयनमा  स्थानीय तहद्वारा धेरै ध्यान नदिएको  र बिस्तारै विज्ञहरूको सहयोग लिएर स्थानीय आवश्यकतालाई ध्यान दिई छुट्टै किसिमको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दै जाने योजना गाउँपालिका शिक्षाशाखाले राखेको पाइयो ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन उपयुक्त भए नभएको जाँच गर्न सरोकारवालाहरूले बीचबीचमा अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुपर्ने  हुन्छ । तर सम्बन्धित निकायबाट नियमित रूपमा अनुगमन तथा  मूल्याङ्कन नभएको खाली प्रधानाध्यापकद्वारा मात्र सो कार्य गरिएकाले अनुगमन तथा मूल्याङ्कन

पक्षमा थप सुधार गर्नुपर्ने देखिन्छ । विशेष गरी कक्षा ६, ७ र ८ मा कम्प्युटर तथा अंग्रेजी विषय नै स्थानीय पाठ्यक्रमको रूपमा पढाइ भइरहेको,अरु विषय भन्दा यी विषयहरूमा विद्यार्थीको उपलब्धि पनि उस्तै मात्र रहेको, झन लिम्बू तथा राईवान्तवा भाषाको पठनपाठन हुने कक्षामा त विद्यार्थीलाई शिक्षक स्वयंले नम्बर दिएर पास बनाइदिनु पर्ने परिस्थितिले यसको प्रभावकारिता कमजोर देखिन्छ ।

समग्र विद्यार्थीहरूको मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीअन्तर्गत गर्ने भनिए तापनि वार्षिक तीन वटा परीक्षा तथा सैद्धान्तिक ज्ञानलाई मुख्य र प्रयोगात्मक पक्षलाई कम महत्त्व दिई गर्ने गरेको पाइयो । यी सम्पूर्ण अवस्थालाई विश्लेषण गर्दा यो निष्कर्षमा पुग्न सकिन्छकि यस गाउँपालिका भित्रका विद्यालयहरूमा स्थानीय अभिभावकको चासो हुँदाहुँदै पनि विविध कारणले स्थानीय विषयको पाठनपाठन, मूल्याङ्कन, उपलब्धि र कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम मुख्यतः निर्माण र कार्यान्वयमा समस्या देखिन्छ । स्थानीय पाठ्यक्रमको निर्माणमा स्थानीय तहमा सरोकारवालाको सहभागिता र संस्थागत क्षमता अभिवृद्धि नभएको, स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तराष्ट्रिय आवश्यकताबीच सन्तुलन कायम गर्न नसकेको , सामाजिक विविधतालाई सम्बोधन नगर्नु, स्थानीय आवश्यकता पहिचान गर्ने पद्धति र संयन्त्र विकास नभएको , विकेन्द्रित पाठ्यक्रम निर्माण प्रक्रियालाई स्थापित नगर्नु ,केन्द्रीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबीच सामन्जस्यता स्थापित नगर्नु, स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने जनशक्ति तयार नभएको, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोगको कमी रहेको, प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण संयन्त्रको विकास र कार्यान्वयन नभएको देखिन्छ ।

## सन्दर्भसामग्री


पाठ्यक्रम विकास केन्द्र,(२०६८),*पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका,* काठमाडौं : शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र ,(२०७०),*स्थानीय पाठ्यक्रम प्रारू*प, काठमाडौं : शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र,(२०७६), *स्थानीय पाठ्यक्रम प्रारुप, सानोठिमी, भक्तपुर* : शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन* (मातृभाषा सहित) भक्तपुर : लेखक ।

फुएल, बद्रीप्रसाद (२०७५) *पाठ्यक्रम र मूल्याङ्कन* (प्रथम संस्करण), काठमाण्डौः ओएसिस पब्लिकेशन प्रा.लि. ।

बराल, खगराज(२०६७), *स्थानीय पाठ्यक्रमको व्यवहारिक प्रयोगः समस्या र समाधान,* काठमाडौं : शिक्षा पत्रिका, पा.वि.के ।

बिष्ट टिकाराम *(२०७२), स्थानीय पाठ्यक्रमप्रति सरोकारवालाहरूको धारणा र कार्यान्वयनको अवस्था,* अप्रकाशित स्नाकोत्तर शोधपत्र काठमाडौं : शिक्षाशास्त्र सङ्काय त्रि.वि ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६७), *पाठ्यक्रम सिद्धान्त,* काठमाडौं : क्षितिज प्रकाशन ।

शर्मा, लालप्रसाद (२०७९) ,*कक्षा शिक्षण,* काठमाण्डौं: एडभान्स सरस्वती प्रकाशन प्रा.लि ।

शिक्षा मन्त्रालय(२०६२), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,* काठमाडौं : लेखक ।

शिक्षा मन्त्रालय(२०६७), *स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री,* काठमाडौं : लेखक ।

Adhikari, S. (2017). Developing local curriculum: A case study of two community schools in Nepal. *Educational Research for policy and practice*, *16*(2), 179-196.